BUTWAL POWER COMPANY LIMITED

मितिः २०८२/०१/२४

श्री धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ लि.
पुतलीसडक, काठमाण्डौ ।

विषयः शेयर बिक्रीकालागि सूचना प्रकाशित गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बुटवल पावर कम्पनी लि.को नाममा रहेको न्यादी हाइड्रोपावर लिमिटेडको १,०७,५१,४५३ कित्ता शेयरहरू मध्ये ३१,००,००० कित्ता शेयरहरू कम्पनीको योजना अनुरूप दोश्रो वजारमा बिक्री गर्ने निर्णय भएको हुँदा विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ११ अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशित सूचना यसैसाथ संलग्न गरी तहाँको जानकारी लागि पेश गरेको व्यहोरा अनुरोध छ ।

भवदीय,

Skshrestha

संजय कृष्ण श्रेष्ठ
सिनियर भाईस प्रेसिडेन्ट –इन्भेष्टमेन्ट एण्ड प्रोजेक्ट्स

P. O. Box: 11728, Ganga Devi Marga - 313, Buddha Nagar, Kathmandu, Nepal
Tel.: +977-1-4791776, 4795295, 4790994, Email: info@bpc.com.np, URL: www.bpc.com.np

ISO 9001, ISO 14001 & ISO 45001 REGISTERED
DNV Certification B.V., The Netherlands

काम हुन नसकेपछि हुलाकी सडक

अमरराज आचार्य

दाङ– हुलाकी राजमार्गअन्तर्गत दाङ खण्डमा समयमै काम हुन केपछि ठेक्का तोडने प्रक्रिया सुरु गरिएको छ।

हुलाकी राजमार्ग आयोजना कार्यालय नेपालगन्जका आयोजना ख लिला भण्डारीले निर्माण व्यवसायीले काम नगरेर सडक अलपत्र रहेको बताए। उनले सडक अलपत्र भएपछि ठेक्का तोड्ने प्रक्रियामा ोको जानकारी दिए।

आधा पनि काम नभएको उल्लेख गर्दै उनले ठेक्का तोड्नुको कल्प नरहेको बताए। 'उनीहरुले काम गरेनन्। हामीले अनेक प्रयत्न यो। पत्रिकामा पनि नाम छापियो। चिठी पनि लेखियो। ताकेता पनि यो। अहिले मैले कारबाही स्वरुप अग्रिम बैंक जमानत फिर्ता गर्नका लागि चिठी लेखिसकें। पैसा आउने क्रममा छ, ६ करोड त्यहाँबाट फिर्ता लिन्छौं,' उनले भने, 'ठेक्का अन्त्य गर्ने भनेर फाइल उठाएर विभागमा स्वीकृतिका लागि पठाएको छु। त्यहाँबाट स्वीकृत भएपछि फाइल अन्त्य गर्दैछु। ठेक्का अन्त्य हुन्छ।'

कार्यालयका अनुसार २०८१ जेठ २८ गते नबिल बैंक दरबारमार्गलाई पत्र काटेर पाँच करोड ९० लाख र एक करोड ९५ लाख रुपैयाँ पेश्की फिर्ता गर्न भनिएको छ। हुलाकी राजमार्ग आयोजना कार्यालय नेपालगन्जका आयोजना प्रमुख भण्डारीले ठेकेदारकै कारण सडक अलपत्र परेकोले सम्झौता रद्द गरेर नयाँ ठेक्का लगाउनुको विकल्प नरहेको बताए। 'उनीहरुले आएर काम गर्लानजस्तो देखिएन। उनीहरुको फाइनान्सियल स्थिति पनि गाह्रो देखियो। उहाँसँग लागेको सँगैको ठेक्का सकिएर पनि मर्मत अवधि सकिसक्यो। यहाँ काम नै भएको छैन,' उनले

भने, 'उहाँहरुको भौतिक प्रगति ४० प्रतिशत पनि छैन।'

उनले ठेक्का अन्त्य किन नगर्ने भन्ने सूचना निकालिएको र त्यसमा स्पष्टीकरण नआएपछि वा चित्त नबुझेपछि कार्यालयबाट फाइल खडा गरेर ठेक्का अन्त्य गर्ने आसयको फाइल निर्देशनालयमा पठाइसकेको जानकारी दिए। 'उपाय केही भएन। उहाँहरुले त काम गर्छु भन्नुभएको हो। कामै नभएपछि ठेक्का तोड्नुको विकल्प देखिएन,' उनले भने, 'अहिले भौतिक प्रगति ४० प्रतिशत छ भने वित्तीय प्रगति ३९ प्रतिशतमात्रै छ।'

निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न कार्यालयले पटक-

पटक त
अघि ब
प्रमुख भ
पनि दुई
साढे च
काम बे
धुलाम्य
'स
कारणले
सकेका
अवस्थ
पानी ह
बेरुजुके
'उ
गइयो।
गल्ती न

सिटिजन्स क्यापिटल लिमिटेडको संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

यस कम्पनीका संस्थापक शेयरधनी श्री प्रसिद्ध बहादुर पाण्डेले निजको नाममा रहेको ५,००० कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.१८०/- मा बिक्री गर्न खोज्नु भएको हुँदा ती शेयर खरिद गर्न विद्यमान कुनै संस्थापक शेयरधनी इच्छुक भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र के कति रकममा खरिद गर्ने हो सो समेत खुलाई यस कम्पनीलाई लिखित रुपमा जानकारी गराउनु हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

कम्पनी सचिव

Citizens Capital Ltd.
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेचर, डिल्लीबजार, काठमाडौं, नेपाल, फोन: ४५१७०२३/४५१७४७०
इमेल: info@citizenscapital.com.np वेभसाइट: www.citizenscapital.com.np

हकदावीको सूचना

गण्डकी प्रदेश, गोरखा जिल्ला, भिमसेनथापा गाउँपालिका, वडा नं.१ (साविक मसेल गा.वि.स. वडा नं.५) मा बस्ने श्री ध्रुव प्रसाद घिमिरेको नातीनी, श्री यदु प्रसाद घिमिरेको छोरी, भुवानी प्रसाद बोहोरा को पत्नी श्रीमती गृह कुमारी बोहराको मिति २०८१/०३/२५ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं.१३४०५२५००२१२२७ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरा निलकण्ठ बोहराले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB शाखा कार्यालय, भिमसेन, गोरखा
फोन नं.: ९८५६०११३७९

Aadar आदर मल्टी-इन्भेष्टमेण्ट कम्पनी लि.
Multi-Investment Co. Ltd.
का.म.न.पा. २२, नयाँ सडक, काठमाण्डौ, फोन: ०१-५३४४३६७, ९८४१०६८७४७
इमेल : E-mail: aadarmic@gmail.com

हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

यस आदर मल्टी इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको छैठौं वार्षिक साधारण सभाबाट कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको २० प्रतिशत (प्रत्येक ५ शेयर बराबर १ हकप्रद शेयर (५:१)) निष्काशन गर्ने निर्णय भएकोले प्रति शेयर रु.१००/- अंकित दरका २५,००,००० थान हकप्रद शेयर मिति २०८२/०२/०९ देखि मिति २०८२/०३/१२ गतेसम्मको लागि बिक्री खुला गर्ने सञ्चालक समितिको मितिको २०८२/०१/०८ गतेको बैठकबाट निर्णय भएको सबैलाई जानकारी गराईन्छ। उक्त हकप्रद शेयर बराबरको रकम सम्बन्धित शेयरधनीको नामबाट यस कम्पनीको सानिमा बैंक लिमिटेडको उल्लेखित खाता नं. मा जम्मा गरि सोको भौचर कम्पनीको लेखा शाखामा बुझाउनु हुन अनुरोध गरिन्छ।

बैंक खाताको नाम	: आदर मल्टी इन्भेष्टमेण्ट कम्पनी लिमिटेड
बैंक	: सानिमा बैंक लिमिटेड, नयाँ सडक काठमाण्डौ
खाता नं.	: ००३०१००१००००८५५

न्यादी हाइड्रोपावर लिमिटेडको शेयर बिक्री सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२४

यस बुटवल पावर कम्पनी लि.को नाममा रहेको न्यादी हाइड्रोपावर लिमिटेडको १,०७,५१,४५३ कित्ता शेयरहरू मध्ये ३१,००,००० कित्ता शेयरहरु कम्पनीको योजना अनुरुप दोश्रो बजारमा बिक्री गर्ने निर्णय भएको हुँदा विद्युत नियमन आयोगले जारी गरेको विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ११ अनुसार सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

bpc बुटवल पावर कम्पनी लिमिटेड
गंगादेवी मार्ग, बुद्धनगर, बानेश्वर, काठमाण्डौं

छ हुलाकी सडकको ठेक्का तोडिँदै

फिर्ता
ागमा
फाइल

बैंक
९५
ाजना
कारण
कल्प
हरुको
ठेक्का
उनले

भने, 'उहाँहरुको भौतिक प्रगति ४० प्रतिशत पनि छैन ।'

उनले ठेक्का अन्त्य किन नगर्ने भन्ने सूचना निकालिएको र त्यसमा स्पष्टीकरण नआएपछि वा चित्त नबुझेपछि कार्यालयबाट फाइल खडा गरेर ठेक्का अन्त्य गर्ने आसयको फाइल निर्देशनालयमा पठाइसकेको जानकारी दिए । 'उपाय केही भएन । उहाँहरुले त काम गर्छु भन्नुभएको हो । कामै नभएपछि ठेक्का तोड्नुको विकल्प देखिएन,' उनले भने, 'अहिले भौतिक प्रगति ४० प्रतिशत छ भने वित्तीय प्रगति ३९ प्रतिशतमात्रै छ ।'

निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न कार्यालयले पटक-पटक ताकेता गर्दा पनि अटेर गरेपछि ठेक्का सम्झौता रद्द गर्न प्रक्रिया अघि बढाइएको हुलाकी राजमार्ग आयोजना कार्यालय नेपालगन्जका प्रमुख भण्डारीले बताए । २० किलोमिटरमा जम्मा नौ किलोमिटर त्यो पनि दुई लेयर गर्नुपर्नेमा एक लेयरमात्रै पिच भएको छ । गढवा बजारसम्म साढे चार किलोमिटर र कालाकाटेतिर चार किलोमिटर पिच र बेसकै काम बाँकी छ । गढवा गाउँपालिकाका अध्यक्ष यमनारायण पोखेलले धुलाम्य सडकले गढवाबासीलाई रुवाएको बताए ।

'सडक विजोग अवस्थामा छ स्थानीय सरकारप्रति जनता त्यही कारणले नेगेटिभ भइरहेका छन् । अरुको ठेक्कामा न हामी केही गर्न सकेका छौं,' उनले भने, 'ठेकेदारले काम नगर्ने दुःख गढवाबासीले पाउने अवस्था भइरहेको छ भने सडक बन्नेमा अन्यौलता नै छ ।' धुलोमा पानी हाल्नसमेत निर्माण व्यवसायीले आलटाल गर्ने पालिकाले हाल्दा बेरुजुको मारमा पर्ने समस्या रहेको उनको भनाइ छ ।

'अर्थ मन्त्रीलगायतका नेतालाई वडाध्यक्षसहित डेलिगेसन पनि गइयो । न काम हुन्छ न त ठेक्का तोडिन्छ,' अध्यक्ष पोखेलले भने, 'हाम्रो गल्ती नहुँदा पनि समस्यामा हामी नै परेका छौं ।' उनले जेठानगाउँदेखि उठैयासम्म एक लेयर पिच भए पनि उठैयादेखि गढवा र जेठान गाउँदेखि मलमलासम्म काम नभएको बताए । कतै बेससम्म तयार भएको छ भने कतै सबबेस मात्रै तयार भएको उनले बताए । 'कतै कतै बेस र सबबेस भएको छ । पिच पनि एक लेयरमात्रै छ । आधाजसो एक लेयर कालोपत्रे भएको छ । आधाभन्दा बढी काम बाँकी नै छ,' उनले भने, 'जेठानगाउँदेखि मलमलासम्म बेस बनेको छैन । सामान्य सबबेसमात्रै छ । बेस पनि तयार भएको छैन भने यता बेस बनेको छ ।' अहिलेको खरिद ऐनको संशोधनले म्याद थपिन्छ र फेरि अलपत्र बन्छ कि

भन्ने डर भएको आशंका व्यक्त गरे । ठेक्का सम्झौता
साल कात्तिकमा सकिनुपर्ने सडक निर्माणको प्रगति दुई प
तीन वर्ष म्याद थप गर्दा पनि ४० प्रतिशतमात्रै छ । ठे
मितिमा काम नभएपछि पहिलो पटक २०७९ मंसिरमा
साउन १० सम्मलाई म्याद थप गरिएको थियो । मंसिरम
पनि डेढ किलोमिटर सडक कालोपत्रे गरेर पुनः काम
अलपत्र बनिरहेको छ ।

निर्माण कम्पनीको ५१ प्रतिशत सेयर किनेर
असोजमा काम अघि बढाए पनि पुनः काम रोकिँदा अ
सास्ती बेहोरिरहेका छन् । सडक निर्माण भएपछि दे
नागरिकलाई सहजतासँगै पूर्व-पश्चिम महेन्द्र राजमार्गको
वैकल्पिक सडकका रूपमा लिइएकाले हुलाकी सडक
देउखुरीबासीलाई नेपालगन्ज जान आउन सहज हुने
सडकअन्तर्गत राजपुरको गंगदीदेखि पश्चिमतिर बाँके
सडकका लागि भने अझै ठेक्का लाग्न सकेको छैन ।

६५ करोड लागतमा २०७६ कात्तिक २९ मा बज्र
जेभीसँग हुलाकी राजमार्ग आयोजना कार्यालयले
गढवासम्मको २० किलोमिटर सडक कालोपत्रे गर्न ठे
गरेको थियो । २०७६ मंसिर १ गते ६९ करोडको लागत
एपेक्स कन्काई खड्का कृष्ण प्रालिले ठेक्का हात पारे
राजुपरको गंगदी पारिसम्मको अर्को २० किमिको काम
झण्डै एक वर्ष भइसक्यो । एक पटक म्याद थपेर २०८० र
पुऱ्याइएको उक्त सडकको काम भए पनि सँगै ठेक्का लागे
गढवा सडक भने निर्माण व्यवसायीका कारण अलपत्र प

हुलाकी सडकअन्तर्गत बन्दै गरेको कालाकाटेदेखि
सात मिटर पिच र २/२ मिटर पेटी रहने ठेक्का सम्झौता
बस्ती र बजारमा पाँच किलोमिटर पक्की नाला बनाउने
गढवादेखि राजपुरसम्मको काम पूरा भए पनि उस्तै प्रकृति
गढवाको काम आधा पनि पूरा भएको छैन ।

निर्माण व्यवसायीले झारा टार्ने खालको काम गरे
काम नगर्ने गरी सडक अलपत्र पारिरहेका छन् । काला
ठेक्कामा तोकिएको समयमा काम नभएपछि २०७९ मं
म्याद थपेर २०८० साउन १० सम्म कायम गराउँदा
सडकको काम फेरि मंसिर २२ गतेदेखि सरु गरेझैं गरेर अ
टार्ने काम भइरहेको छ ।

सूचना

गाउँपालिका, वडा न.१ (साबिक मसेल
घिमिरेको नातिनी, श्री यदु प्रसाद घिमिरेको
गृह कुमारी बोहराको मिति २०८१ ०३ २५
मा त्यस बैंकमा रहेको बचत खाता
रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमान
यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक
प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन
न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,
प्रकाशित गरिएको छ । अन्यथा माग दाबी
बत गरिन्छ ।

कार्यालय, भिमसेन, गोरखा
: ९८५६०११७७९

न्यादी हाइड्रोपावर लिमिटेडको शेयर बिक्री सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२४

यस बुटवल पावर कम्पनी लि.को नाममा रहेको न्यादी हाइड्रोपावर लिमिटेडको १,०७,५१,४५३ कित्ता शेयरहरू मध्ये ३१,००,००० कित्ता शेयरहरू कम्पनीको योजना अनुरुप दोश्रो बजारमा बिक्री गर्ने निर्णय भएको हुँदा विद्युत नियमन आयोगले जारी गरेको विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ११ अनुसार सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

bpc बुटवल पावर कम्पनी लिमिटेड
गंगादेवी मार्ग, बुद्धनगर, बानेश्वर, काठमाण्डौं

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा
भुक्तान गर्न आउने बारेको अत्यन्त जरुरी ३५ (पैंतीस) दिने सार्वजनिक

सूचना प्रकाशित मिति : २०८२/०१/२४ गते बुधबारको कारोबार दैनिक

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट कर्जा लिने तपसिलमा उल्लेखित ऋणीहरुले ऋण लिँदा
लिखत र कर्जा सुविधा प्रस्ताव/स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम विकास बैंकलाई तिर्नु बुझाउनु पर्ने
म्याद भित्र चुक्ता भुक्तान नगरेको र विकास बैंकबाट पटक पटक लिखित तथा मौखिक तरताकिता गर्दा समेत